**सभाका अध्यक्षज्यू,**

**गाउँसभाका सदस्यज्यूहरु ।**

१. गाउँपालिकाको आगामी सोच तथा जनआकांक्षा समेटिएको आर्थिक वर्ष २०८१/८२ नीति तथा कार्यक्रमलाई कार्यान्वायनमा ल्याउन नेपालको संविधानको धारा २३० को प्रवन्ध बमोजिम सम्मानित गाउँसभाको १५ औँ अधिवेशन समक्ष आ.व. २०८१/०८२ को आय र व्यय अनुमान प्रस्तुत प्रस्तुत गरिरहदा अत्यन्तै गर्वको महसुस गरेको छु ।

२. प्रस्तुत बजेटले गाउँपालिकाको सामाजिक, आर्थिक, सास्कृतिक, प्रविधि र दीगो पूर्वाधार विकासमा अहम भूमिका खेल्ने अपेक्षा राखेको छु ।

३. यस अवसरमा जनआन्दोलन, जनयुद्ध र विभिन्न आन्दोलनहरुमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने ज्ञात अज्ञात शहीदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पन गर्दछु । यस क्रममा घाइते तथा अपाङ्ग भएका व्यक्तिको स्वास्थ्य लाभको कामना सहित सम्पूर्ण योद्धाहरुको स्मरण गर्दै सबैमा उच्च सम्मान व्यक्त गर्दछु ।

४. दार्माको कठिन भूगोल, सीमित स्रोत साधन, प्राकृतिक स्रोतको न्यून उपयोग, न्यून आन्तरिक राजश्व परिचालन तथा दक्ष प्राविधिक जनशक्तिको अभावमा उपलव्ध स्रोतको प्रभावकारी उपयोग हुन सकेको छैन । सीमित स्रोतसाधनको अधिकतम उपयोग गरी दार्माको बेरोजगारी, विपन्नता, न्यून उत्पादनलगायतका मूलभूत समस्याहरुको सार्थक समाधान गर्ने दिशामा बजेट केन्द्रित गरेको छु ।

५. आगामी बर्षको बजेट तयार पार्दा सरकारको राष्ट्रिय अकाङ्क्षा, कर्णाली प्रदेश सरकारको को दिर्घकालीन सोच, नेपालको संविधान, संघीय तथा प्रदेश सरकारबाट जारी ऐन, दीगो बिकासका लक्ष्यहरु, कानून तथा स्थानीय सरकार संचालन ऐन, २०७४, गाउँपालिकाको अर्थ विधेयक २०८१, विनियोजन विधेयक २०८१, दार्मा गाउँपालिकाको नीति तथा कार्यक्रम २०८१/०८२, बिषयगत समितिका सुझाबहरु, विज्ञका सुझावहरु, गाउँसभाका सदस्यज्यूहरुले दिनुभएका सुझाबहरु, शिक्षक, कर्मचारी, संचारकर्मी, नागरिक समाज, विभिन्न राजनीतिक दलहरु, विभिन्न संघसंस्था एवं सरोकारवालाको सुझाव र दार्माबासी दिदीबहिनी तथा दाजुभाईहरुबाट प्राप्त सुझाबलाई समेत आधार लिएको छु ।

**सभाका अध्यक्षज्यू,**

**गाउँसभाका सदस्यज्यूहरु ।**

अब म गत आर्थिक बर्षका केही तथ्याङ्क सहित चालु आर्थिक वर्षको बजेट तथा कार्यक्रमको समीक्षा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

६. चालु आ.व. २०८०/०८१ मा कुल शंसोधित आय रु**. ४४ करोड ६७ लाख ४५ हजार ३५८ र व्यय तर्फ** रु**. ४४ करोड ६७ लाख ४५ हजार ३५८ नै** अनुमान गरिएकोमा हालसम्म **३३ करोड ७६ लाख ५० हजार ४४८ दशमलव** ८२ रकम अर्थात **७५ दशमलव ५८** प्रतिशत आम्दानी भएको छ । भने ९ करोड ३० लाख ९४ हजार ९ आम्दानी बाँकी देखिएको छ । आन्तरिक आय **३५ लाख** अनुमान गरिएकोमा २०८० आषाढ पहिलो हप्तासम्म गाउँपालिकाले आन्तरिक आम्दानी रु. **२५ लाख ३१ हजार** ४८० अर्थात **७२.३३** प्रतिशत प्राप्त भएको छ।

७. व्यय तर्फ चालु शिर्षकमा **रु. २८ करोड ४२ लाख ९५ हजार ५९८** विनियोजन भएकोमा २०८१ को अषाढ पहिलो हप्तासम्म रु. **२१ करोड ७१ लाख ०२ हजार ५२६** अर्थात **७६ दशमलव ३६ प्रतिशत र** पुजिगत तर्फ रु**. १६ करोड** २४ **लाख** ४९ **हजार ७६०** विनियोजन भएकोमा २०८१ को अषाढ पहिलो हप्तासम्म रु. **६ करोड ७२ लाख ८८ हजार २८९** अर्थात **४१ दशमलव ४२ प्रतिशत** गरी कुल जम्मा रु . **२८ करोड ४३ लाख ९० हजार ८१५ अर्थात ६३ दशमलव ६५ प्रतिशत** खर्च भएको छ । गत आ.व. को यही अवधिमा कुल जम्मा खर्च **६० दशमलव ८४** प्रतिशत रहेको थियो ।

८. २०८१ आषाढ मसान्तसम्म संसोधित अनुमान आम्दानी तर्फ **रु. ३६ करोड ७६ लाख ५० हजार ४५७** रहने अनुमान गरिएको छ । खर्चतर्फ चालुखर्च करिब **रु. २७ करोड ४४ लाख ९५** हजार र पुजिगत तर्फ **रु . १० करोड ५६ लाख ६० हजार** खर्च हुने अनुमान गरिएको छ । भने तथा संघीय र प्रदेश सरकारको अनुदान रु. **१ करोड ५० लाख** रकम फ्रिज जाने अनुमान गरिएको छ ।

**सभाका अध्यक्षज्यू,**

**सभाका सदस्यज्यूहरु ।**

अब म आगामी वर्ष २०८१/०८२ को बजेटका उद्देश्य तथा प्राथमिकता प्रस्तुत गर्ने अनुमति चाहान्छु । बजेटका उद्देश्यहरु निम्नअनुसार प्रस्तुत गरिएको छ ।

(क) दार्मा गाउँपालिकामा उत्पादन वृद्धि गर्दै गाउँमै रोजगारी सिर्जना गर्ने ।

(ख) कृषि क्षेत्रको उत्पादन, बजारीकरण गरी कृषकको आयस्तर सुधार गर्ने ।

(ग) प्रभावकारी सेवा प्रवाह मार्फत सुशासन र मितव्ययीता कायम गर्ने ।

(घ) आर्थिक, भौतिक, सामाजिक र वातावरणीय क्षेत्रको दीगो पूर्वाधार विकास मार्फत समून्नत र सुदृढ गाउँपालिका बनाई राष्ट्रको विकासमा टेवा पुर्याउने ।

(ङ) उपलव्ध स्रोत साधन, श्रम शक्ति, पूँजी र प्रविधिको अधिकतम प्रयोग गरी रोजगारी सिर्जना र गरिबी निवारण गर्ने ।

(च) विकास साझेदारसँगको निरन्तर सहकार्य मार्फत रोजगारीको अबसर सिर्जना गर्ने

९. आर्थिक वर्ष २०८१/०८२ को बजेटका प्राथमिकताका क्षेत्रहरु निम्नअनुसार प्रस्तुत गरिएको छ ।

१. कृषि तथा पशु विकास

२. सहकारी तथा रोजगारी प्रवर्द्धन

३. उद्यम विकास

४. शिक्षा युवा तथा खेलकुद विकास

५. स्वास्थ्य सेवा

६. लैङ्गिक समानता , महिला शसक्तिकरण र सामाजिक समावेशिकरण

७. पूर्वाधार विकास

८. सूचना प्रविधि र डिजिटल प्रयोग

९. पर्यटन तथा उद्योग वाणिज्य

१०. वन वातावरण र विपद व्यवस्थापन

११. कर्मचारी प्रशासन र जनशक्ति विकास

- बजेटले राखेका उदेश्य एवं प्राथामिकता कार्यान्वायन गर्न संघीय सरकार, प्रदेश सरकार , अन्य स्थानीय तहहरु, विभिन्न संघसंस्था नीजि तथा सहकारी क्षेत्रसँग समन्वय एवं साझेदारी गरिने छ । वार्षिक बजेट तथा कार्यक्रमलाई बजेटका प्राथमिकता तथा उद्देश्यसँग तादाम्यता कायम गर्ने अधिकतम प्रयास गरिएको छ ।
- आगामी आर्थिक वर्षमा बजेटको ठूलो हिस्सा चालु आर्थिक बर्षको दायित्व भुक्तानीमा खर्च हुने देखिन्छ ।
- आगामी आर्थिक बर्षमा चालु तर्फ रु   र पुँजिगत तर्फ रु गरी कुल जम्मा रु ३९ करोड ६० लाख ६४ हजार ६३६ को बज

**सभाका अध्यक्ष एवं**

**गाउँसभाका सदस्यज्यूहरु ।**

अब म आगामी आर्थिक वर्ष २०८१/८२ को कुल आय र व्ययको अनुमानित विवरण प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

१०. नीति तथा कार्यक्रम कार्यान्वयनका लागि आ.व. २०८१/८२ को कुल व्यय रु. ३९ करोड ६० लाख ६४ हजार ६३६ रहेको छ । यसका लागि आन्तरिक आय रु. २० लाख, अन्तरसरकारी वित्तिय हस्तान्तरणबाट रु. ३० करोड ७४ लाख १४ हजार, केन्द्र तथा प्रदेश सरकारको राजश्व वाँडफाँडबाट रु. ८ करोड ५९ लाख ६ सय ३६ , अघिल्लो बर्षको बैक मौज्दातबाट रु. ७ लाख ५० हजार , प्राप्त हुने प्रक्षेपण गरिएको छ ।

११. अन्तरसरकारी अख्तियारीबाट प्राप्त हुने अनुमानित **रु. १० करोड ५० लाख** अन्तरसरकारी अख्तियारी शिर्षकबाटै खर्च तथा लेखांकनको व्यवस्था गरिने छ ।

**अव म क्षेत्रगत कार्यक्रम तथा विनियोजन प्रस्तुत गर्न चाहान्छु ।**

**भुक्तानी दायित्व**

१२. यस बर्ष भुक्तानी हुन नसकेका चालु कार्यक्रम तथा पूँजिगत आयोजनाहरुको भुक्तानीको लागि एकमुष्ट रु. **४ करोड २९ लाख ९४ हजार २२८** विनियोजन गरिएको छ।

**आर्थिक विकास**

**कृषि तथा पशु विकास**

१३. दार्मा गाउँपालिका वडा नं ४ को सौँरखाली रतिखोलामा सुन्तला पकेट क्षेत्र विस्तार, वडा नं १ को ढाँकीबारा, गोडबाङ, स्यालागाउँ पैयाडाँडा, वडा नं २ को खारा, ठानागाउँ क्षेत्रमा सुन्तला पकेट क्षेत्र विस्तार , वडा नं २ को वजाबाङ देखी डल्सिङ लगायतको क्षेत्रमा आँप पकेट क्षेत्र विस्तारको र वडा नं ६ मा अदुवा, वेसार अथा अलैँची पकेट क्षेत्र विस्तारको लागि आवश्यक बजेट विनियोजन गरिएको छ।

१४. कृषि यान्त्रिकरण तथा कृषि प्रविधि प्रवर्द्धनको कार्यक्रमको लागि रु १० लाख बजेट विनियोजन गरिएको छ।

१५. मकै, गहुँ, धान लगायतका खाद्यान्न बाली प्रर्वर्द्धनको लागि रु ३ लाख बजेट विनियोजन भएको छ।

१६. तरकारी बालीको विउमा अनुदान तथा बिउ उत्पादन कार्यक्रमको लागि आवश्यक बजेट विनियोजन गरिएको छ।

१७. अग्ला डाँडाहरुमा रिचार्ज पोखरी निर्माणको लागि रु आवश्यक बजेट विनियोजन गरिएको छ।

१८. आकस्मिक बाली संरक्षण सेवा, कृषक समूह परिचालन तथा क्षमता अभिवृद्दि कार्यक्रम र च्याउ खेति प्रवर्द्धन लगायतको कार्यक्रम कार्यान्वयनको लागि रु १ लाख ८० हजार बजेट विनियोजन गरिएको छ।

१९. कृषकलाई प्रतिलिटर रु ३ का दरले दुधमा अनुदान दिनको लागि रु. ४ लाख बजेट विनियोजन गरिएको छ।

२०. पशुपंक्षिको रोग नियन्त्रण तथा औषधि व्यवस्थापनको लागि रु १० लाख बजेट विनियोजन गरिएको छ।

२१. कृषकलाई उत्पादनमा आधारित अनुदान कार्यक्रमको लागी रु ३ लाख बजेट विनियोजन गरिएको छ।

२२. पशुरोग पहिचान प्रयोगशाला निर्माण, महामारीजन्य रोगको लागि खोप कार्यक्रम तथा हिँउदे र बर्षे घासको विउको लागि एमुष्ट रु ३ लाख बजेट विनियोजन भएको छ।

२३. भैँसि सुत्केरी प्रोत्साहन कार्यक्रमको लागि रु २ लाख बजेट विनियोजन भएको छ।

**उद्यम विकास**

२४. समुदायको उद्यमीहरुको मागमा आधारित उद्यम कार्यक्रमको लागि रु ५ लाख बजेट विनियोजन गरिएको छ।

२५. उपाध्यक्षसँग उद्यमी कार्यक्रमको लागि रु २ लाख ५० हजार बजेट विनियोजन गरिएको छ।

**सामाजिक विकास**

**शिक्षा विकास**

२६. सामुदायिक विद्यालयहरुको शिक्षण सिकाई सुधार अनुदानको लागि रु. १ करोड बजेट विनियोजन गरिएको छ।

२७. बालविकास सहजकर्ता र विद्यालय कर्मचारीलाई दिईदै आएको अनुदान लाई निरन्तरता दिदै । यसको लागि ६० लाख बजेट विनियोजन गरिएको छ।

२८. अनाथ बालबालिकासँग अध्यक्ष कार्यक्रमको लागि रु २ लाख वजेट विनियोजन गरिएको छ।

२९. आन्तरिक र बाह्य परिक्षा संचालन, इमिस तथा सूचना प्रविधि तालिम संचालनको लागि ६ लाख ५० हजार बजेट विनियोजन गरिएको छ।

३०. सामुदायिक विद्यालयको शिक्षक अभाव परिपूर्ति गर्न प्रविधिको प्रयोग गरी विद्यालयहरुमा दुर शिक्षा कार्यक्रमको लागी रु ५ लाख बजेट विनियोजन गरिएको छ।

३१. कक्षा १ देखी ३ सम्मका बालबालिकाकाको निशुल्क स्टेशनरी व्यवस्थापनको लागि ३ लाख ४० हजार बजेट व्यवस्थापन गरिएको छ।

३२. प्रारम्भिक बालविकासको शैक्षिक सामाग्री निर्माण र प्रयोग कार्यक्रमको लागि रु १ लाख ५० हजार बजेट विनियोजन गरिएको छ।

३३. विद्यालय शिक्षक अभिभावक प्रोत्साहन कार्यक्रमको लागि रु १ लाख ४० हजार बजेट विनियोजन गरिएको छ।

३४. कक्षा १-५ को स्थानीय पाठ्यक्रम र सन्दर्भ सामाग्री निर्माण, प्रधानध्यापक बैठक व्यवस्थापन, शैक्षिक बुलेटिन तथा शैक्षिक पात्रो निर्माण, शिक्षा सम्बन्धी दिवसीय कार्यक्रम संचालन तथा विद्यालय सुपरिवेक्षणको लागि आवश्यक बजेट विनियोजन भएको छ।

३५. साक्षरता कार्यक्रम रुम टु रिड सँगको साझेदारीको लागि रु १ लाख ५० हजार बजेट विनियोजन गरिएको छ।

**युवा तथा खेलकुद**

३६. राष्ट्रपति रनिङशिल्ड संचालन तथा व्यवस्थापनको लागि रु ११ लाख बजेट विनयोजन गरिएको छ।

३७. खेलकुद सम्बन्धी अन्य विविध खर्च तथा शहिदस्मृतिकप संचालन तथा व्यवस्थापनको लागि रु ६ लाख ५० हजार बजेट विनियोजन भएको छ।

३८. युवामैत्री स्थानीय शासनको लागि युवाका मुद्दामा वहस पैरवी, युवा प्रतिभा पहिचान तथा प्रोत्साहन, युवा क्लव तथा युवा समुहलाई खेलकुद सामाग्री हस्तान्तरणको लागि आवश्यक बजेट विनियोजन गरिएको छ।

**स्वास्थ्य सेवा**

३९. आधारभूत स्वास्थ्यकेन्द्र ज्यामिरेचौरमा बर्थिङ सेन्टर संचालनको लागि रु ३ लाख ५० हजार बजेट विनियोजन गरिएको छ।

४०. आधारभूत स्वास्थ्य सेवाका लागि निशुल्क औषधि वितरणको लागि १५ लाख बजेट विनियोजन गरिएको छ।

४१. नागरिक आरोग्य केन्द्रको निशुल्क औषधि वितरणको लागि रु ५ लाख बजेट विनियोजन गरिएको छ।

४२. बहुक्षेत्रिय पोषण कार्यक्रमको लागि रु ६ लाख बजेट विनियोजन गरिएको छ।

४३. योग शिविर संचालन तथा योग प्रशिक्षणको लागि रु ५ लाख बजेट विनियोजन गरिएको छ।

४४. स्वास्थ्य क्षेत्रको बार्षिक प्रोफाईल तयारीको लागि ५० हजार बजेट विनियोजन गरिएको छ।

**लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण**

४५. दलित समुदायको आयआर्जन र दलित विशेष कार्यक्रमको लागि रु ४ लाख बजेट विनियोजन गरिएको छ।

४६. अपाङ्गता भएका व्यक्तिहरुको सशक्तिकरण तथा क्षमता विकास सम्बन्धी कार्यक्रमको लागि रु १ लाख बजेट विनियोजन भएको छ।

४७. जनजातिहरुको आर्थिक सवलीकरणका लागि बोयर बोका वितरणको लागि कार्यक्रमको लागि रु २ लाख बजेट विनियोजन गरिएको छ।

४८. द्वन्द प्रभावितको  तथ्यांक व्यवस्थापन तथा स्मारिक प्रकाशनको लागि रु १ लाख बजेट विनियोजन गरिएको छ।

४९. जेष्ठ नागरिक घरदैलो भेटघाट र सम्मान कार्यक्रमको लागि रु १ लाख बजेट विनियोजन गरिएको छ।

५०. लैङ्गिक हिंसा, घरेलु हिंसा, बाल विवाह न्यूनिकरण सम्बन्धी सचेतनामुलक कार्यक्रमको लागि आवश्यक बजेट हजार बजेट विनियोजन गरिएको छ।

५१. बालक्लव, बाल संजाल, किशोरी संजाल गठन तथा पुनर्गठन, बाल उद्दार कोषको स्थापना, बालमैत्री स्थानीय शासन घोषणाको लागि सूचक सम्बन्धी अभिमुखीकरण कार्यक्रम संचालनको लागि एकमुष्ठ रु २ लाख बजेट विनियोजन गरिएको छ।

५२. जेसी अडिट विभिन्न दिवसीय कार्यक्रम, एकल महिलाको आयआर्जन कार्यक्रमको लागि एकमुष्ट रु ५ लाख बजेट विनियोजन भएको छ।

५३. सामाजिक सहायता तथा विपन्न औषधिउपचार सहायताको लागि रु ५ लाख बजेट विनियोजन गरिएको छ।

**सडक पूर्वाधार**

५४. महत्वपूर्ण सडकको स्तरउन्नती, सडक मर्मत संभार,  साना खनेपानी तथा साना सिंचाइ, विद्युत निर्माण तथा मर्मत र जेसिविको ईन्धनको लागि मर्मत संभारकोषमा रु ८० लाख बजेट विनयोजन भएको छ।

५५. फारुला मौलेखाली मैदान १ नं वडा कार्यालय सम्म सडक स्तरउनन्तीको लागि Lisp सँग साझेदारी अन्तरगत आवश्यक बजेट विनयोजन भएको छ।

५६. गोठिवन लैयटा ठानागाउँ विष्टगाउँ सडक स्तरउन्नतीको लागि बजेट विनियोजन गरिएको छ।

**खानेपानी सरसफाई र सिंचाई**

५७. कैलाशखोला निपाने खानेपानी वडा नं ६, भक्कानेमुल ढाकाडमकोट खानेपानी वडा न ५, बाहुनचौर सरसुखोला लिफ्ट खानेपानी वडा नं ४, लसुनधारी विरुखेत खानेपानी वडा नं ३, वेतनीखोला वयलडाँडा खानेपानी वडा नं ३, भक्कानेमुल वजाबाङ खानेपानी वडा नं २, ढाँकीबारा झुलेली खानेपानी वडा नं १ मा ठूला खानेपानी आयोजना निर्माणको लागि Suswa सँग साझेदारीको लागि आवश्यक बजेट विनियोजन गरिएको छ।

५८. खालिखोला लेख लिफट खानेपानी आयोजना दार्मा ६ को लागि आवश्यक बजेट विनियोजन गरिएको छ।

५९. जनज्योति आ वि वडा नं २, कालिका आ वि वडा नं ४, जनता प्रा वि वडा नं ४, सरस्वती आ वि वडा नं ५ मा लैङ्गिक अपाङ्ग बालमैत्री संस्थागत शौचालय निर्माणको लागि Suswa सँग साझेदारीको लागि आवश्यक बजेट विनियोजन गरिएको छ।

६०. पुरेईसोती वालुवाईरह सिंचाइकुलो दार्मा ३ को लागि अन्तरगत बजेट बिनियोजन गरिएको छ।

६१. सवाँराखोला छरीखोला सिंचाइकुलो दार्मा ५ को लागि आवश्यक बजेट विनियोजन गरिएको छ।

६२. ज्यामिरे सिउँदासे सिंचाइकुलो निर्माण दार्मा ६ को लागि आवश्यक बजेट विनियोजन गरिएको छ।

**भवन तथा आवास**

६३. गाउँपालिकाको प्रशासकीय भवन, वडा नं १ को वडा कार्यालय क्रमागत रुपमा सम्पन्न गर्न आवश्यक बजेट विनियोजन गरिएको छ।

**सूचना संचार**

६४. संचार सम्बन्धी विभिन्न कार्यक्रम तथा जनतासँग गाउँ सरकार कार्यक्रम र संचार माध्यमसँगको सहकार्यकोलागि रु ५ लाख बजेट विनियोजन गरिएको छ।

६५. दार्मा सरकारका गतिविधिको प्रकाशन, प्रशारण तथा सार्वजनिक सुनुवाई कार्यक्रमको लागि आवश्यक बजेट विनियोजन भएको छ।

६६. कला संस्कृति संरक्षण सम्बर्द्धन तथा प्रचार प्रसारको लागि लागि २ लाख बजेट विनियोजन गरिएको छ।

**अन्य संस्थासँगको सहकार्य**

६७. विभिन्न सडक पूर्वाधार निर्माण, सिंचाई संरचना निर्माण तथा विभिन्न कृषि उत्पादनमूलक कार्यक्रम संचालनको लागि कर्णाली पूर्वाधार सहयोग कार्यक्रम Lisp सँगको साझेदारीको लागि रु १ करोड बजेट विनियोजन गरिएको छ।

६८. विभिन्न खानेपानी संरचना तथा विद्यालय शौचालय आयोजनाहरु निर्माणको गर्न सबैको लागि दिगो खानेपानी सरसफाई तथा स्वच्छता (Suswa) परियोजनासँगको साझेदारीको लागि रु ८२ लाख ६७ हजार ४ सय ८७ रकम विनियोजन गरिएको छ।

६९. भूकम्पले क्षतिग्रस्त संरचनाको पुननिर्माण REDI कार्यक्रम अन्तरगत तपसिलका आयोजनाहरु कार्यान्वयन गरिने छ।

a. श्री सरस्वती प्राथमिक विद्यालय भवन निर्माण दार्मा १ भदालेखोला रु ७० लाख
b. चैतेखोला दालागैरा खोलेखेत सिंचाईकुलो निर्माण दार्मा २ चैतेखोला रु ४५ लाख
c. घट्टेजिउँला सिंचाइकुलो निर्माण दार्मा २ घट्टेजिउला रु ४५ लाख
d. रुनढुङ्गा फारुला सिंचाइकुलो दार्मा ३ रु ५ लाख
e. सुवासघट्ट फारुला सिंचाइकुलो दार्मा ३ फारुला रु ४५ लाख
f. कैनधारा वेलघारी सिंचाइकुलो निर्माण दार्मा ३ रु ४ लाख
g. ढाँरखोला डल्सिङ खानेपानी निर्माण दार्मा २ डल्सिङ रु ३० लाख
h. ठारासिम नाउँला खानेपानी निर्माण दार्मा ४ नाउँला रु १० लाख
i. ४ नं वडा कार्यालय भवन निर्माण रु ७० लाख
j. भक्कानेमुल ढाकाडमकोट खानेपानी मर्मत दार्मा ४ ढाकाडमकोट रु ४५ लाख
k. जलेखर्क काफलनेटा त्रिवेणी पाथिहाल्न सडक दार्मा ५ रु ६० लाख
l. फारुला साङ्ट बाघखोर सडक दार्मा २ र ५ रु १ करोड २० लाख
m. मालिका लिफ्ट खानेपानी दार्मा ४ मालिका रु ४० लाख

७०. इलाका प्रहरी कार्यालय फारुलाचौर तथा अस्थायी प्रहरी पोष्ट ढाकाडमको भवन गर्न जग्गा खरिद अनुदानको लागि रु २५ लाख बजेट विनियोजन गरिएको छ।

**वन वातावरण र विपद व्यवस्थापन**

७१. विपदको समयमा आपतकालिन उद्दार राहत तथा पुनस्थापनाको लागि विपद व्यवस्थापन कोषमा रु ३० लाख विनियोजन गरिएको छ।

७२. आगलागि भएका जंगल तथा खोल्साहरुमा बृक्षारोपन कार्यक्रमको लागि रु १ लाख बजेट विनियोजन गरिएको छ।

७३. सामुदायिक वन उपभोक्ता समितिका पदाधिकारीहरुलाई अभिमुखिकरण कार्यक्रमको लागि रु १ लाख बजेट विनियोजन भएको छ।

**न्यायीक समिति र न्याय प्रशासन**

७४. कानून तथा न्याय सँग सम्बन्धित क्षमता विकास, विपन्नलाई न्यायको पहुँच तथा कानून निर्माण तथा कानूनी परामर्शको लागि एकमुष्ट रु ९ लाख बजेट विनियोजन गरिएको छ।

**सार्वजनिक सेवा प्रवाह तथा मानव संशाधन विकास**

७५. जनप्रतिनिधि र कर्मचारीको लागि क्षमता विकास तथा पुनर्ताजकी तालिम संचालनको लागि रु ३ लाख बजेट विनियोजन गरिएको छ।

७६. विभिन्न विषयगत समितिको काम कर्तव्य र दायित्व सम्बन्धी अभिमुखीकरण कार्यक्रम संचालनको लागि रु २ लाख बजेट विनियोजन गरिएको छ।

७७. टोल विकास संस्था तथा उपभोक्ता समितिलाई अभिमुखिकरण कार्यक्रमको लागि रु २ लाख बजेट विनियोजन गरिएको छ।

७८. बस्तिस्तरमा योजना छनौट तथा प्राथमिकिकरण सहयोगको लागि ५० हजार बजेट विनियोजन गरिएको छ।

**संघ र प्रदेश सरकारका योजना कार्यान्वायन**

**संघीय सरकारका योजना कार्यान्वायन**

७९. संघीय शसर्त अनुदान अन्तरगत सल्यान जिल्ला दार्मा स्थित नेपाल मानव धर्म सेवा समिति शाखा आश्रम भवन निर्माणको लागि रु ३० लाख बजेट विनियोजन भएको छ।

८०. संघीय विशेष अनुदान अन्तरगत श्री बाल ज्ञानोदय आ वि काफलगैरा विद्यालय भवन निर्माणको लागि रु ५० लाख विनियोजन भएको छ।

**प्रदेश अनुदान**

**शशर्त अनुदान।**

दार्मा गाउँपालिका कार्यालयबाट कार्यान्वयन हुनेगरी तपसिलको आयोजनाहरु कर्णाली प्रदेश शसर्त अनुदान अन्तरगत विनियोजन भएको छ।

८१. नालेखोला पैयाँडाडा मेल टाकुरा विष्टगाउँ नयाँ सडक योजनाको लागि रु ३० लाख बजेट विनियोजन भएको छ।

८२. मछाईनेघारी तल्लो घट्ट सिँचाईकुलो निर्माण दार्मा १ को लागि रु १५ लाख विनियोजन भएको छ।

८३. राष्ट्रिय मा वि फर्निचर व्यवस्थापन दार्मा १ को लागि रु १० लाख बजेट विनियोजन भएको छ।

८४. साहुगाउँ गोरापानी सिंचाईकुलो निर्माण, दार्मा २ को लागी रु १५ लाख बजेट विनियोजन भएको छ।

८५. सिलिङ्गी मसानघाट तल्लो तिर्से सिंचाईकुलो निर्माण दार्मा २ लागी रु १५ लाख बजेट विनियोजन भएको छ।

८६. फारुला चैतेखोला हुँदै सिलिङ्गी सडक निर्माण दार्मा ३ को लागि रु १५ लाख बजेट विनियोजन भएको छ।

८७. शहीद प्रतिष्ठान भवन निर्माण दार्मा ३ को लागि रु ५० लाख बजेट विनियोजन भएको छ।

८८. विसेटाकुरा बालउद्यान र प्रतिक्षालय पक्की सिढी निर्माण दार्मा ३ को लागी रु १५ लाख बजेट विनियोजन भएको छ।

८९. फारुला मौलाहाल्ने मुख्य सडक खण्डको रोडदेखी ४ नं वडा कार्यालय सम्म स्तरउन्नती दार्मा ४ को लागि रु १५ लाख बजेट विनियोजन भएको छ।

९०. सामुदायिक स्वास्थ्य ईकाइ कागुनोहाल्ने भवन निर्माण दार्मा ५ को लागि रु १५ लाख बजेट विनियोजन भएको छ।

९१. बाँदरपोले खानेपानी दार्मा ५ को लागि रु १० लाख बजेट विनियोजन भएको छ।

९२. अरबारे वडाचौर किमटाकुरा सडक निर्माण दार्मा ६ को लागि १५ लाख बजेट विनियोजन भएको छ।

९३. किमटाकुरा अरबारे गोठिवन अखोर गोठिवन सडक दार्मा ६ को लागि रु १५ लाख बजेट विनियोजन भएको छ।

९४. अरुबारे गाउँघर क्लिनिक तथा खोपकेन्द्र भवन निर्माणको लागि रु १५लाख बजेट विनियोजन भएको छ।

अन्त्यमा,

बजेट तर्जुमा गर्ने प्रक्रियामा प्रत्यक्ष तथा परोक्ष रुपमा सहयोग पुर्याउनुहुने गाउँपालिका अध्यक्षज्यू, कार्यपालिका सदस्यज्यूहरु, गाउँसभा सदस्यज्यूहरु , विषयगत समितिहरु, राजनीतिक दलका प्रतिनिधि तथा संचारजगत, नागरिक समाज, विकास साझेदार लगायत सम्पूर्ण गाउँबासी दाजुभाई तथा दिदिबहिनी एवं बजेट निर्माणमा अरोरात्र खटिने प्रमुख प्रशासकीय अधिकृत लगायत सम्पूर्ण कर्मचारीहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु, धन्यवाद।